# समानुपातिक निर्वाचनमा आदिबासी जनजाती आन्दोलनकर्मिहरुको सङ्लग्नता कति ठीक कति बेठिक?

## नेपाल आदिबासी जनजाती महासंघको अध्यक्ष र महासचिब एमाले र माओवादीले मनोनित गरे

Dr. Krishna B. Bhattachan, Ph.D.

**- डा. कृष्ण भट्टचन**

**विषय प्रबेश**

घोषित अप्रिल १० (चैत २८) को संविधानसभाका निर्वाचनका लागि समानुपातिक निर्वाचनका लागि राजनैतिक दलहरुले उम्मेदवारको सुची निर्वाचन आयोगमा पेश गरिसकेको छ । निर्वाचन आयोगमा दर्ता भएका ७४ वटा दलहरु मध्ये ३७ वटा दलहरुले मात्र समानुपातिक निर्वाचनका लागि उम्मेदवारहरुको बन्द सुची बुझाएका छन् । मधेशीहरुका कुनै पनि दलहरुले भने बन्द सुची पेश गरेका छैनन् । पहिला हुने निर्वाचित हुने निर्वाचनका लागि उम्मेदवारको सुची फेब्रुअरी २५ मा पेश गर्ने छन् । बन्द सुची बुझाउने म्याद फेब्रुअरी २४ सम्मका लागि बढाईएको छ । उक्त समय भित्र बन्द सुचीमा केही हेरफेर हुनसक्ने छ । ने.क.पा. एमाले र ने.क.पा. माओवादीको बन्द सुचीका उम्मेदवारहरुको नामहरु सार्वजनिक भइसकेको छ भने नेपाली कांग्रेसको बन्द सुची दल भित्र विवाद रहेकोले सार्वजनिक भइसकेको छैन । सार्वजनिक भएको ३३५ जनाको बन्द सुचीमा ने.क.पा. एमालेले नेपाल आदिवासी जनजाति महासंघका अध्यक्ष पासांग शेर्पालाई र ने.क.पा. माओवादीले नेपाल आदिवासी जनजाति महासंघका महासचिव रामबहादुर थापा मगरलाई समावेश गरेको छ । एमालेले समाबेश गरेको आदिवासी जनजाति आन्दोलकर्मीहरुमा कृपाशुर शेर्पा, बन्दन मुन्डा, गोविन्द चेपांग, पर्तमान धिमाल र लक्की शेर्पा छन् । माओवादीले समावेश गरेको आदिवासी जनजाति आन्दोलनकर्मीहरुमा डिकी लामा तामांग, आंगदावा शेर्पा, नुर्बु घले छन् । एमालेले समाबेश गरेका आदिवासी जनजाति आन्दोलनकर्मिहरु एमालेकै कार्यकर्ताहरु हुन् भने माओवादीले आदिवासी जनजाति आन्दोलकर्मिहरुलाई दश प्रतिशत स्वतन्त्रबाट समाबेश गरेकाहरु छन् । यी उम्मेदवारीहरु मध्ये पासांग शेर्पा महासंघको अध्यक्ष र रामबहादुर थापा मगर महासंघको महासचिव भएका नाताले दुवैको उम्मेदवारी सार्वजनिक चासोको विषय भएकोले यो साताको साप्ताहिक झटारो यसै सम्बन्धमा केन्द्रित छ ।

**के ठिक, के बेठिक?**

आदिवासी जनजाति आन्दोलकर्मिहरुलाई विभीन्न राजनैतिक दलहरुले समानुपातिक सुचीमा राखेको सन्दर्भमा नेपाल आदिवासी जनजाति महासंघमा सल्लाहकारहरु, संघीय परिषदका सदस्यहरु, सचिवालयका पदाधिकारीहरु र महासंघका परियोजना संचालकहरु विच छुट्टा छुट्टै छलफल भएको थियो । छलफलमा निर्क्योल गर्न पर्ने मूख्य विकल्पहरु तिन थिएः (१) महासंघ पनि नछाड्ने र समानुपातिक सुचीमा परेको उम्मेदवारीलाई पनि नछाड्ने, (२) उम्मेदवारीलाई नछाड्ने, महासंघबाट भने राजनीनामा दिने, र (३) महासंघमै बस्ने र उम्मेदवारी छाड्ने । छलफलमा उठेका विचारहरु मूलतः दुई थरिको रहेको थियो । एक थरिले यो अवसरलाई उपयोग गर्दा आन्दोलनलाई राम्रो हुने र अर्का थरिले यस्तो गर्दा क्षती पुग्ने जस्ता परस्पर विरोधी विचार व्यक्त भएको थियो ।

महासंघ र उम्मेदवारी दुवै नछाड्ने विचार राख्नेहरु प्रायः विगतमा आफैले उपयोगितावादी (युटीलीट्यारीएन) वा औजारवादी (ईन्स्ट्रुमेण्टल) को सिद्धान्त अंगालेर राजनैतिक दलहरुले दिएको पदीय जिम्मेवारीको अवसरलाई स्वीकार गरेर पूर्णकालीन समय दिएकाहरुको बाहुल्यता थियो । महासंघ र दल विच एउटा त्यागेर अर्को लिन पर्छ भन्नेहरु प्रायः जसो आन्दोलन माथि नै अर्जुनदृष्टि हुनुपर्छ भन्नेहरु र प्राज्ञिक व्यक्तिहरु थिए ।

उपयोगितावादी दृष्टिकोण राख्ने आदिवासी जनजातिहरु र गैर आदिवासी जनजातिहरुको तर्कहरु यस प्रकार छन्ः

- आदिवासी जनजाति आन्दोलनकै कारणले मात्र आदिवासी जनजातिहरुले चाहेका हक अधिकारहरु प्राप्त गर्न सकिदैन । यस्का लागि शासनसत्ता वा प्रतिपक्षी दलमा रहेका राजनैतिक दलहरु भित्रबाट संघर्ष गरेर प्राप्त भएका हक अधिकारहरुलाइ सुरक्षित राख्दै थप्दै जान पर्दछ ।
- राजनैतिक दलहरुले दिने प्रथम हुने निर्वाचन हुने र समानुपातिक निर्वाचनकालागि दलहरुले आदिवासी जनजाति आन्दोलनकर्मीहरुलाई टिकट नदिए आदिवासी जनजाति आन्दोलनकर्मीहरु आफैं संविधानसभामा पुग्ने सम्भावना नभएकोले दलहरुले जे दिन्छ त्यसैलाई उपयोग गरेर आदिवासी जनजाति आन्दोलनकर्मीहरुले आफ्नो उपस्थती जनाउन पर्छ । एक जना पनि नहुनु भन्दा एकाध जनाको उपस्थितीले पनि धेरै प्रभाव पार्न सकिन्छ ।
- अहिले नेपाल आदिवासी जनजाति महासंघसंग आवद्ध कतिपय आन्दोलकर्मिहरु कुनै न कुनै राजनैतिक दलका कार्यकर्ता वा दल प्रति आस्थावान रहदैं आएका छन् भने सम्बन्धित दलले आदिवासी जनजाति आन्दोलकर्मिहरुलाई खोजी खोजी उम्मेदवारी दिनु भनेको राजनैतिक दलहरुले नेपाल आदिवासी जनजाति महासंघ र आदिवासी जनजाति आन्दोलनलाई सम्मान र माया गरेको हो ।
- नेपाल आदिवासी जनजाति महासंघको पदीय दायीत्व बोकेर पनि संविधानसभाकालागि दलले दिएको उम्मेदवारी स्वीकार गरेर निर्वाचन लड्नु भनेको कुनै नराम्रो काम होइन र

यस्तो गर्दा आदिवासी जनजाति आन्दोलनकै सवालहरुलाई लिएर संघर्षरत हुने भएकोले कुनै नराम्रो काम होइन ।

- राजनैतिक दलहरुका नेता तथा कार्यकर्ताहरुबाट बनेको नेपाल आदिवासी जनजाति संयुक्त संघर्ष समितिका सदस्यहरु पृथ्वीसुब्बा गुरुंग, ईन्द्रबहादुर गुरुंग, नागेन्द्र चौधरी थारु लगायतकाहरु अन्तरिम मन्त्रिपरिषदमा मन्त्रि र राज्य मन्त्रिहरु भएर आदिवासी जनजाति आन्दोलनले उठाएका सवालहरुलाई केहिमात्रामा भए पनि सम्बोधन गर्न सफल भएका छन् । त्यस्तै गरेर नेपाल आदिवासी जनजाति महासंघको जनजाति सशक्ति परियोजनाका राष्ट्रिय व्यवस्थापकलाई राष्ट्रिय योजना आयोगको सदस्य बनाइदिएकोले अन्तरिम योजनामा आदिवासी जनजातिका अधिकारहरु केहि हद्सम्म सुनिश्चत भएको छ । आदिवासी जनजाति नागरिक समाजका संयोजक डा. गणेश योञ्जनलाइ जापानकालागि राजदूत बनाएकोले आदिवासी जनजातिकालागि योगदान दिन सक्ने अवस्था छ । पद लिनेहरुको दृष्टिमा पद लिनु आन्दोलनकै एउटा पाटो हो किनभने बाहिरबाट भन्दा भित्रबाट लडेर केहि उपलब्धि भए पनि हासिल गर्न सकिन्छ । त्यसैले समानुपातिकमा परेका आदिवासी जनजाति आन्दोलकर्मीहरुले अन्य अगुवाहरुले देखाएको बाटोमा हिंडेको खण्डमा केही न केही योगदान गर्न सकिने निश्चित छ ।

सार(ईसेन्स)वादी आदिवासी जनजातिहरु र गैर आदिवासी जनजातिहरुका तर्कहरु यस प्रकार छन्:

- नेपाल आदिवासी जनजाति महासंघले विगतमा राजनैतिक दलकारुपमा रुपान्तरण हुन नचाहेको कारण आफ्ना चाहनाहरुलाई सात दलकै माध्यम समाधान गर्न चाहेको र आदिवासी जनजाति आन्दोलनमा लागेका कतिपय आन्दोलनकर्मीहरु सात दल मध्ये कुनै न कुनै दलमा सकृय सहभागिता वा आंशिक सहभागिता भएकाले एकातिर आन्दोलनलाई उत्कर्षमा पुऱ्याउन सकिरहेको छैन भने अर्कोतिर दलहरुबाट आदिवासी जनजातिका सवालहरुलाई खासै समाधान गर्न सकेको स्थिती पनि छैन । सात राजनैतिक दलहरुले आदिवासी जनजातिका आन्दोलनकर्मीहरुलाई विभिन्न पदहरु दिएर एकातिर समाबेशी पक्षधर र आदिवासी जनजातिहरु प्रति सम्बेदनशील देखाएर आदिवासी जनजातिहरुको समर्थन र सहयोग आफ्नो दलका लागि जुटाउन कसैलाई मन्त्री, कसैलाई राज्य मन्त्री, कसैलाई योजना आयोगको सदस्य, कसैलाई राजदूत पद दिइसकेको थियो । अव आएर समानुपातिकमा उम्मेदवारीसमेत दिएको अवस्था छ । यो ललिपप दिएर आदिवासी जनजाति आन्दोललाई कमजोर बनाउने चाल मात्र हो । यस्तो चालमा नफंस्न आदिवासी जनजाति आन्लोलनकर्मीहरु सचेत र सजग हुनु पर्दछ ।
- नेपाल आदिवासी जनजाति महासंघका पदाधिकारी र अन्य आदिवासी जनजाति आन्दोलकर्मीहरु जजस्लाई राजनैतिक दलहरुले उम्मेदवारका रुपमा उठाएको छ त्यो समस्यामूलक छ किनभने समानुपातिक सुचीमा ने.क.पा.एमाले, ने.क.पा. माओवादी र नेपाली कांग्रेसले ३३५ जनाकै सुची बनाएर दिएको छ तर निर्वाचनमा प्रत्येकले ३३ प्रतिशत मत पाए ३३ प्रतिशत उम्मेदवारहरु मात्र विजयी भएर ६६ प्रतिशत उम्मेदवारहरु फ्यांकिनेछन् र यसरी फ्यांकिनेमा नेपाल आदिवासी जनजाति महासंघका वा अन्य आदिवासी जनजाति आन्दोलकर्मीहरु हुन सक्ने छन् । दलहरुले आदिवासी जनजातिहरुलाए उपयोग गर्ने हो । चाहिंदा भांडा र नचाहिंदा ठांडा गर्ने हो ।

- नेपाल आदिवासी जनजाति महासंघका नेतृत्व तहका नेताहरुनै दलहरुको समानुपातिक सुचीमा पर्दा सम्बन्धित दलले जतीसुकै स्वतन्त्र हुनसक्ने भने पनि अन्य दलहरु वा सर्वसाधारणको आंखामा सम्बन्धित दलकै कार्यकर्ताका रुपमा ब्राण्डेड वा लेबल गर्ने भएको र तदनुरुप व्यवहार गर्ने भएकोले अप्ठ्यारो परिस्थती निर्माण हुन्छ । अध्यक्षको संलग्नता एमाले र महासचिवको संलग्नता माओवादीसंग भएको रुपमा ब्राण्डेड गरेको खण्डमा एकातिर महासंघ भित्र आन्तरिक विवाद तिब्र हुनसक्ने र अर्कोतिर नेपाली कांग्रेस र अन्य राजनैतिक दलकाहरुको संलग्नता नेपाल आदिवासी जनजाति महासंघले गर्ने कृयाकलापहरुमा नहुने सम्भावना बढि हुनेछ । त्यस्तै परे प्रत्येक दलकाहरुले आआफ्नो नेपाल आदिवासी जनजाति महासंघ बनाउने छन् । अर्थात महासंघ विभाजनको संघारमा पुग्ने सम्भावना छ ।
- दलको उम्मेदवार भइसके पछि दलले खटाएको ठाउंमा भाषण दिने लगायतका जिम्मेवारी पुरा गर्न पर्छ भने नेपाल आदिवासी जनजाति महासंघले गर्ने दवाव मूलक आन्दोलनका कामहरु पनि गर्न पर्ने हुन्छ । दुबैको ह्याट् लगाएर दुबैको स्वार्थ बाझिने अवस्थामा धर्मसंकट पर्नसक्ने छ । संविधानसभामै पुगेका अवस्थामा दलले आदिवासी जनजाति आन्दोलका मागहरुका बिरुद्धका सवालहरुमा व्हीप जारी गरेको अवस्थामा पालना गर्न पर्ने कि नपर्ने? पालना नगरे दलले के गर्ला?
- नेपाल आदिवासी जनजाति महासंघका नेतृत्व वर्गको संलग्नता संविधानसभाको निर्वाचनकालागि भएको अवस्थामा संलग्न दलहरुका आदिवासी जनजाति आन्दोलनकर्मीहरु विच र संलग्न नभएका दलहरुका आदिवासी जनजाति आन्दोलनकर्मीहरुसंग सम्बन्ध बिग्रदै गए नेपाल आदिवासी जनजाति महासंघको जनजाति सशक्ति परियोजना, केयर नेपालसंग साझेदारीमा संचालित जानसिप परियोजना र एक्सन एडसंग साझेदारीमा संचालित परियोजनाहरुको हालत के हुन्छ होला? के सुचारु रुपमा चल्न सक्छ होला?
- संविधानसभामा पहिला हुने निर्वाति हुने पद्धतीबाट २४० जना, समानुपातिकबाट ३३५ जना र प्रधानमन्त्रिबाट मनोनित हुनेहरु २६ जना गरि ६०१ जना सदस्यहरु रहने छन् । विगतमा अन्तरिम संविधान मस्यौदा समितिमा १६ जना मध्ये एक जना सदस्य शान्ति राई नेपाल आदिवासी जनजाति महासंघको प्रतिनिधित्व गरेर गएकोमा अति ठूलो लर्डा लडेर आदिवासी शब्द मात्र राख्न सकेको तर अन्य सवालहरुमा त्यहां कुनै सुनुवाई नभएको अवस्थामा नेपाल आदिवासी जनजाति महासंघका नेता तथा कार्यकर्ताहरु दुइचार जना संविधानसभामा पुग्दैमा केहि गर्न सकिएला भन्ने सोम शर्माको लड्डु मात्र हो । अहिलेको अन्तरिम संसद व्यवस्थापिका सात दल, सात दल मध्ये पनि तिन दल, तिन दल मध्ये पनि दूइ दल र दूइ दल मध्ये पनि प्रधानमन्त्रिको ल्याप्चे लगाउने निरीह रबरस्ट्याम्प भएजस्तै ६०१ जना पनि निरीह रबरस्ट्याम्प नै रहने सम्भावना टड्कारो देखिन्छ ।
- मधेशी आन्दोलनकारी र सरकार विच भएको वार्ता सहमतीमा टुंगीएर संविधानसभाको निर्वाचन घोषित मिति चैत २८ गतेमै वा दुवैको सहमतीमा जेष्ठमा सारेर शान्तिपूर्ण तरिकाले भए खासै असमान्य अवस्था आउने छैन । यदि वार्ता विफल भएर मधेशी राजनैतिक दलहरुले संविधानसभाको निर्वाचन बहिष्कार गर्ने तर सात राजनैतिक दलहरुले जसरी भए पनि मधेशी राजनैकित दल वा आन्दोलनकारीहरुको सहभागिता विना संविधानसभाको निर्वाचन चैत २८ मा गराएरै छाड्ने अवस्था आएको खण्डमा मधेशी

आन्दोलनकारीहरुको तारो सात दलका उम्मेदवारहरु बन्ने क्रममा नेपाल आदिवासी जनजाति महासंघका नेता तथा कार्यकर्ताहरु जो सात दलका उम्मेदवार छन् उनीहरु बढी तारो बन्न सक्ने र मधेशी आन्दोलन र आदिवासी जनजाति आन्दोलनका वीच दुरी बढ्न जाने सम्भावनालाई नकार्न सकिदैन ।

- यी र अन्य कारणहरुले गर्दा नेपाल आदिवासी जनजाति महासंघका अध्यक्ष र महासचिव लगायतका नेता तथा आन्दोलनकर्मीहरुले नैतिकताका आधारमा त्याग गर्न पर्दछः कि महासंघको नेतृत्व कायम राख्ने समानुपातिकको उम्मेदवारी त्याग गर्ने कि समानुपातिकको उम्मेदवारी कायम राख्ने तर महासंघको पदीय जिम्मेवारी त्याग गर्ने । यी दुई विकल्प मध्ये एक रोज्दा आदिवासी जनजाति आन्लोलनलाई राम्रो हुन्छ ।

## दुवै विकल्पहरुको परिणाम

अहिले आदिवासी जनजातिहरुलाई अंग्रेजी शब्द डीलेमाको उदाहरण जस्तो भएको छ । देउतालाई खुसी बनाए दैत्य रिसाउने, दैत्यलाई खुसी बनाए देउता रिसाउने भए पछि अव कसलाइ खुसी राख्ने, कसलाइ रिसाउने गराउने? नेपाली लैंगिक असम्बेदनशील उखान जेठी माग्छे पानी कान्छी माग्छे घाम म एक्लो बुढो कतातिर जाम भने जस्तै अवस्था सृजना भएको छ । उपयोगितावादी र सारवादी बाटो मध्ये कुन बाटोमा हिंडे आदिवासी जनजाति आन्दोलनले गति लिन्छ र सदीयौं देखिको शोषण, दमन र उत्पीडनबाट मुक्ति पाइन्छ? कुन बाटो हिंडे फंस्छ? यी प्रश्नको उत्तर भविष्यवाणीका रुपमा गर्न त्यति सजिलो छैन । जुन बाटो रोजे पनि र हिंडे पनि राम्रो वा नराम्रो हुने सम्भावना पचास पचास प्रतिशत छ भन्ने देखिन्छ । जुन बाटो रोजे पनि थोरै मात्र विग्रन गयो भने पनि त्यो बाटो पहिरो गएको बाटो बन्न जान सक्ने सम्भावना छ ।

आदिवासी जनजाति आन्दोलनले खोजेको परिणाम संघात्मक लोकतान्त्रिक गणतन्त्र अन्तर्गत आत्मनिर्णयको अधिकार सहित जातीय, भाषिक र क्षेत्रगत स्वायत्तता र उपस्वायत्तता हो । भएका सात राजनैतिक दलहरु मध्ये कुनबाट यो सपना सकार पार्न सकिने सम्भावना होला त?

- नेपाली कांग्रेसबाट यो सपना साकार हुने एक रत्ति पनि सम्भावना छैन ।
- ने.क.पा. एमालेबाट जाति, भाषा, संस्कृति, स्रोत, आर्थिक सम्भावना, जनसंख्या आदिलाई मिसाएर भूगोलको आधारमा स्वशासन (स्वायत्तता हैन) र बलियो केन्द्रीय सरकारको पक्षमा रहेको देखिन्छ ।
- एमालेबाट आत्म निर्णयको अधिकार सहित जातीय, भाषिक र क्षेत्रगत स्वायत्तताको सपना साकार हुने कुनै कल्पना गर्न सकिंदैन ।
- मधेशका राजनैतिक शक्ति वा दलहरुले आत्मनिर्णयको अधिकार र स्वायत्ताको माग राखेर राज्य पक्ष वा सरकार वा सात दलसंग निर्णायक लडाई लडिरहेको भए पनि मधेशी राजनैतिक दलहरु आन्दोलनकारीहरु मध्ये निशस्त्र आन्दोलनमा लागेकाहरुको माग एक मधेश एक प्रदेश हो भने सशस्त्र राजनैतिक दलहरुको माग स्वतन्त्र मधेश हो भन्ने देखिन्छ । थारु लगायत तराईका आदिवासी जनजातिहरुले एक मधेश एक प्रदेशको बिरोध गर्दै मधेशीको अस्तित्व भएको, तराईको अस्तित्व भएको तर मधेशको अस्त्तिव नभएको दावी

सशक्तरुमा गर्दै आएको छ । तराई मधेश लोकतान्त्रिक पार्टी, नेपाल सद्भावना पार्टी (महतो पक्ष), मधेशी जनअधिकार फोरम लगायतले एक मधेश एक प्रदेशको माग राखेको अवस्था उनीहरु सफल भएको अवस्थामा थारु, धिमाल राजवंशी, मेचे, सत्तार र झांगड लगायतका तराईका आदिवासी जनजातिहरुले जातीय स्वायत्तताको सपनालाई साकार पार्न सक्ने छैन ।

- निश्चित रुपमा भएका राजनैतिक दलहरु मध्ये ने.क.पा. माओवादी एउटा पार्टी हो जस्ले विखण्डनको अधिकार सहितको आत्मनिर्णयको अधिकार र जातीय र क्षेत्रगत स्वायत्तताको सिद्धान्त अघि सार्दै आएको छ र व्यवहारमा जनयुद्धकालमा ९ वटा स्वायत्त प्रदेशहरुको निर्माण गरेको थियो । माओवादीहरु आत्मनिर्णयको अधिकार र जातीय र क्षेत्रगत स्वायत्तताका मामलामा सिद्धान्तमा जति राम्रो देखियो १२ बुंदे सहमती, बृहत शान्ति समझौता हुंदै अन्तरिम सम्बिधान र यस्मा तेस्रो संशोधनसम्म आइपुग्दा माओवादीले जातीय र क्षेत्रगत स्वायत्तताका सावललाई छाडेको भान पर्न थालेको अनुभव धेरैले गर्न थालेका छन् । आदिवासी जनजाति र मधेशीहरुले सशक्त दवाव दिएको अवस्थामा भने माओवादीले सिद्धान्तलाई व्यवहारमा प्रयोग गर्नसक्ने सम्भावना देखिन्छ ।
- अरु दलहरुले आफ्नो सपना सकार नपारिदिएको खण्डमा आफनो सपना आफैले साकार पार्न आफनै राजनैतिक दलहरु आवश्यक हुन्छ । संविधानसभाको निर्वाचनको प्रयोजनकालगि आदिवासी जनजातिका केहि राजनैतिक दलहरु निर्वाचन आयोगमा दर्ता भए पनि न त ती दलहरुले आदिवासी जनजातिहरु माझ नयां तरंग ल्याउन सक्यो न त निर्वाचनका बेला धेरै मत पाउने सम्भावना नै छ । पहिलो हुने निर्वाचित हुने पद्धतीबाट एउटा पनि सिट नजिते पनि समानुपातिक निर्वाचनमा धेरै मत बटुलेर दुइचार सिट मात्र हात पार्न सक्यो भने पनि सात राजनैतिक दलको तर्फबाट संविधानसभामा उपस्थित भएकाहरुले भन्दा आफनै राजनैकित दलबाट उपस्थित भएकाहरु बढि प्रभावशाली हुनसक्ने छन् ।

जुनसुकै विकल्प रोजे पनि आदिवासी जनजातिहरुले आफनै नेतृत्वमा जनआन्दोलन वा जनविद्राह गरेर शक्ति प्रदर्शन नगर्दासम्म जातीय स्वायत्तताको सपना साकार हुने छांट देखिदैन । आदिवासी जनजातिहरुको शक्ति कस्तुरीको गन्ध जस्तै हो । कस्तुरीले आफनै गन्धलाई अरु ठाउंबाट आएको भन्दै सुंघ्दै अन्त खोज्दै हिंडे जस्तै आदिवासी जनजातिहरु आफैमा शक्ति छ तर त्यो शक्ति अन्तै छ भनी खोज्न छाडेको छैन ।

**अन्तमा,**

आदिवासी जनजातिहरुले तात्कालीन र रणनैतिक चालहरु नबिराइकन ठिक ढंगले चाल्न सके जित सुनिश्चत छ । गलत चाल चलेको खण्डमा हार सुनिश्चित छ । यो चाल चल्दा जीत हुन्छ कि हार हुन्छ भनेर थाहा पाउन नसकिएको अवस्थामा त्यस्तो जुवा बन्न जान्छ । जुवामा जीत पनि हुन सक्छ, हार पनि हुनसक्छ । जीत हो कि हार हो त्यो समयलेमात्र बताउन सक्छ ।

February 23, Kathmandu

Dr. Krishna B. Bhattachan is a well known sociologist and leader of Indigenous Peoples in Nepal. Read his profile» Comments? Write him at: kchan@wlink.com.np

सुप्रसिद्ध समाजशास्त्री डा कृष्णबहादुर भट्टचन आदिबासी जनजाती आन्दोलनका अगुवा हस्ती हुनुहुन्छ। हरेक साता शुक्रवार वहाँले लेख्नु हुने **साप्ताहिक झटारो** पढ्न नभुल्नु होला।

**डा. भट्टचनका पुराना लेखहरु Archive:**

साप्ताहिक झटारो-१: 'मधेशिको आफ्नै राजनीतिक दल बनाउने आँट, आदिबासि-जनजातिर दलितका लागि पाठ'

साप्ताहिक झटारो-२: के स्वायत्ततको माग विखण्डनकारी र साम्प्रदायीक हो?

साप्ताहिक झटारो-३: सात दलका २३ बुंदे सहमति: माछा-माछा भ्यागुता

साप्ताहिक झटारो-४: जातीय समाधान: नाक, छाला को रङ्ग र क्षेत्र कि बर्गबाट?

साप्ताहिक झटारो-५: संघात्मकता र स्वायत्तताका गाँठाहरु

साप्ताहिक झटारो-६: सोइ ढोले सोइ, हाम्रो राजनैतिक दल खोइ? सोइ ढोले सोइ, हाम्रो शक्ति खोइ?

साप्ताहिक झटारो-७: सामूहिक हिंसाको राजनीति किन भुसको आगो झैं सल्कदै छ?

साप्ताहिक झटारो-८: नेपालमा किन कसैले कसैलाई विश्वास गर्दैन? विश्वासको संकटको साढे सातको दशाबाट कसरी पार हुने?

साप्ताहिक झटारो-९: संबिधान सभाको निर्वाचन अघि र पछि के के गर्नु पर्ला?

साप्ताहिक झटारो-१०: जल, जमिन, जङ्गल र अन्य प्राकृतिक स्रोतहरुमाथि आदिबासि-जनजातीको अधिकार के?